नागदह प्राविका ८६ बालबालिकालाई ब्याग र स्टेशनरी सहयोग । पृष्ठ ५ मा


# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय: थाहा नगरपालिका-८ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेल: bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१६, अंक-१३ ● २०८० असोज २२ गते सोमबार, ● 09 Oct., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## थाहाका नगर प्रहरीलाई दर्ज्यानी चिन्ह प्रदान



◆ विकास संवाददाता

थाहा नगरपालिकाका नगर प्रहरीलाई पद तथा गोपनियताको सपथ ग्रहण गराइएको छ । १८ असोजमा १० दिने तालिमको समापन गर्दै १० जना नगर प्रहरीलाई नगरपालिकाका नगर प्रमुख विष्णुबहादुर विष्टले पद तथा गोपनियताको सपथ ग्रहण गराएका हुन् । कार्यक्रममा नगर प्रमुख बिष्णु बहादुर बिष्टले जुनसुकै काम गर्दा व्यक्ति नभइ विधिमा आधारित भएर काम गर्न नगर प्रहरीलाई निर्देशन दिए । नगर प्रमुख बिष्टले नगरप्रहरीलाई अनुशासनमा रही काम कर्तव्य निर्वाह गर्न आग्रह गर्दै स्थानीय सरकारको काम, कारवाहीलाई प्रभावकारी बनाउन नगर प्रहरीको भूमिका महतवपूर्ण हुने विश्वास गरे ।

नगर प्रहरीहरूलाई नगर उपप्रमुख भरत गोपालीले प्रमाणपत्र प्रदान गरेका थिए । त्यसअघि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले दर्ज्यानी चिन्ह प्रदान गरेका थिए । तालिममा सहभागी १० जना सबै उत्तीर्ण भएको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक श्याम थापा मगरले जानकारी दिए । तालिममा प्रहरी जवान रमेश थिङलाई उत्कृष्ट घोषणा गर्दै पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो । थाहा नगरपालिकाले भर्ना गरेका नगर प्रहरीलाई ईलाका प्रहरी कार्यालय पालुङले दश दिने आधारभूत तालिम प्रदान गरेको हो । नगर प्रहरीको कार्य सम्पादनलाई प्रभावकारी बनाउन थाहा नगरपालिकाले ईलाका प्रहरी कार्यालय पालुङसंगको समन्वयमा आधारभुत तालिम सञ्चालन गरेको हो ।

उनीहरूलाई बजार व्यवस्थापन, अग्नी नियन्त्रण, सरसफाई तथा फोहर व्यवस्थापनका बारेमा पनि तालिम दिइएको छ । नगर प्रहरीलाई घाइते उद्धार, बजार अनुगमन तथा व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन र सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रणलगायतका विषयमा पनि तालिम दिइएको ईलाका प्रहरी कार्यालयका प्रहरी निरिक्षक श्याम थापा मगरले बताए ।

नगर प्रहरी सहायक निरीक्षक किरण गिरी, हवल्दार संग्राम खत्री र मनोज केसी तथा जवानहरू रामशरण गोपाली, तिर्थराम विष्ट, सुरज विष्ट, सविन विष्ट, कमल कार्की, रमेश थिङ र श्रमिक लामा रहेका छन् । थाहा नगर पालिकाले पहिलोपटक नगर प्रहरीको व्यवस्था गरेको हो । जिल्लामा नगर प्रहरीको व्यवस्था गर्ने थाहा नगरपालिका दोस्रो स्थानीय तह हो । पछिल्लो समय जिल्लाका अन्य स्थानीय तहहरूले पनि नगर प्रहरी भर्ना प्रत्रिया शुरू गरेका छन् ।

नगर प्रहरीलाई शारीरिक व्यायाम, खेलकुद, कवाज, खालीहात लडाइँ लगायतका बाह्य गतिविधिमा समेत संग्लन गराई पेशागत, सैद्धान्तिक तथा व्यवहारिक तालिम दिइएको ईलाका प्रहरी कार्यालय पालुङले जनाएको छ । नगर प्रहरीमा एक सहायक प्रहरी निरीक्षक, दुई हवल्दार र सात जवान रहेका छन ।

**कृषि गणना २०७८**

## थाहामा ८९ प्रतिशत कृषक परिवार

विकास संवाददाता
थाहानगर




मकवानपुरको थाहा नगरपालिकामा जम्मा घर परिवारमध्ये ८९ प्रतिशत कृषक परिवार रहेको पाइएको छ । प्रत्येक १०/१० वर्षमा हुने राष्ट्रिय कृषि गणनाको पछिल्लो तथ्याङ्कले थाहा नगरपालिकाको ११ प्रतिशत परिवारमात्रै गैह्रकृषक रहेको देखाएको हो । हालै सार्वजनिक राष्ट्रिय कृषि गणना-२०७८ को नतीजा अनुसार थाहा नगरपालिकामा ८८.५६ प्रतिशत कृषक परिवार रहेका छन् । थाहानगरको ९ हजार ७ सय ४९ घरपरिवारमध्ये ८ हजार ६ सय ३४ परिवार कृषि क्षेत्रमा संलग्न छन् ।

सबैभन्दा बढी कैलाश गाउँपालिकामा ९८.२६ प्रतिशत कृषक परिवार रहेको छ कृषि गणना २०७८ अनुसार थाहा नगर पालिकामा जम्मा ८ हजार ६ सय ३४ कृषक परिवारले ७० हजार १ सय २१ रोपनी जग्गामा कृषिकार्य गरेको देखिएको छ । तर, १७ हजार ९८ रोपनी जग्गामा मात्र सिंचाइ पुगेको पाइएको छ ।

कृषि गणनाले थाहा नगरपालिकामा कृषक परिवारअन्तर्गत जम्मा कित्ता संख्या २१ हजार १ सय ३५ र प्रतिकृषक परिवार कित्ता संख्या २.४ देखाएको छ । थाहानगरमा १ सय २७ कृषक परिवारले अरूको मात्र जग्गा कमाएको पाइएको छ ।

नेपालको राष्ट्रिय नतीजाको तुलनामा थाहा नगरपालिकामा कृषक परिवारको प्रतिशत २७ ले बढी छ । कृषि गणनाले २०७८ अनुसार नेपालमा जम्मा घर परिवारमध्ये ६२ प्रतिशत मात्रै कृषक परिवार रहेको पाइएको छ । अघिल्लो कृषि गणनामा नेपालमा यस्ता कृषक परिवारको प्रतिशत ७१ रहेको थियो । मकवानपुरको १० स्थानीय तहको तुलना गर्दा थाहा नगरपालिका बढी प्रतिशत कृषक रहेको सातौँ पालिका हो । थाहा भन्दा कम प्रतिशत कृषक परिवार हेटौंडा, मनहरी र भीमफेदीमा रहेका छन् ।

हेटौंडामा ३४.४३ प्रतिशत मात्र कृषक परिवार रहेका छन् । मनहरीमा ६५.४१ प्रतिशत र भीमफेदीमा ८६.८८ प्रतिशत परिवार कृषक छन् । अन्य ६ वटा गाउँपालिकाहरूमा ९० प्रतिशत भन्दा बढी कृषक परिवार रहेको देखिएको छ ।

## बाराही माविमा विद्यालय बस सेवा सुरू

◆ विकास संवाददाता

*मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ४ मा रहेको बाराही माध्यमिक विद्यालयमा विद्यालय बस सेवा सुरु गरिएको छ । भीमफेदी गाउँपालिकाको अध्यक्ष हिदम लामा र उपाध्यक्ष सञ्जीव श्रेष्ठको उपस्थितमा एक कार्यक्रमको आयोजना गरी बस सेवा सुरू गरिएको हो । भीमफेदी गाउँपालिकाको ३० लाख रूपैयाँ आर्थिक सहयोगमा उक्त बस सेवा सुरू गरिएको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रमेश आचार्यले बताए ।*

*साविक निबुवाटार गाविस हाल भीमफेदी गाउँपालिका वडा नम्बर ३ र ४ गरि दुईवटा वडा बनाइएको छ । दुईवटै वडाको लागि माध्यमिक तहको स्कुल भने बाराही माध्यमिक विद्यालय मात्र रहेको अध्यक्ष आचार्य बताउँछन । उनले भौगोलिक हिसाबले बिकट भएकोले स्थानीय अभिभावक र विद्यालयको माग बमोजिम गाउँपालिकाको अध्यक्ष हिदम लामा र उपाध्यक्ष सन्जीव श्रेष्ठको विशेष पहलमा यस विद्यालय बसको ब्यवस्था भएको बताए ।*

*कार्यक्रमका प्रमुख अतिथी भीमफेदी गाउँपालिकाको अध्यक्ष लामाले आफ्नो छोटो भनाइ राख्दै ओखर, बोखर, इकचुङ, लेख पान्द्राङ, चिलाउने, गोठ डाडा, ज्याल्टार, गोल्पिङ बेसी, चिउरी बगैंचा ,लगाएको ठाउँबाट आउने विद्यार्थी भाइबहिनीलाई सजिलो बनाउनको लागि बसको ब्यवस्था गरेको बताए । लामाले सबै अभिभावकलाई आग्रह गर्दै अब सरकारी विद्यालयमानै गुणस्तरीय शिक्षा प्रदान हुने भएकोले निर्धक्क भएर आफ्ना नानी बाबुलाई विद्यालय पठाउन अनुरोध गरे । धेरै खर्च गरेर बोर्डिङ स्कुल हालेर मात्र पढाइ राम्रो हुने हैन स्थानीय सरकार विद्यालय व्यवस्थापन समिति विद्यार्थी र अभिभावक सक्रिय भए सरकारी स्कुलको पढाइमा कुनै कमी नहुने लामाले बताए ।*

*कार्यक्रममा भिमफेदी गाउँपालिका अन्तर्गतका वडा अध्यक्षहरूका सागर पाण्डे, जहार सिँ लामा, काशिराम बज्यु, प्रकाश पुडासैनी, विद्यालयका प्रधानाध्यापक दुर्गा प्रसाद गौतम, शिक्षक अभिभावक विद्यालय लगाएको उपस्थित रहेको थियो ।*




विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०८० असोज २२ गते सोमबार, 09 Oct., 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## • सम्पादकीय •

# श्रम सम्झौतातर्फ ध्यान देऊ

नेपाल सरकारले हालसम्म ११ वटा मुलुकसँग मात्रै श्रम सम्झौता र सहमति गरेको छ । सरकारले वैदेशिक रोजगारीका लागि १ सय ११ मुलुक खुला गरे पनि रोमानियासँग कूटनीतिक सम्बन्ध स्थापना भएको ५५ वर्षपछि श्रम समझदारी भएको छ । यूरोपको साइप्रसलगायत मुलुकमा अहिले नेपालीहरू जाने क्रम निकै बढेको छ । तर, ती देशसँग श्रम सम्झौता हुन सकेको छैन । ती देशलाई विदेशी कामदार चाहिएकै कारण उनीहरूले अहिले म्यानपावर कम्पनीमार्फत नेपाली कामदार लगिरहेका छन् । श्रम सम्झौता नहुँदा श्रमिकको हितमा काम हुन सकेको छैन र यो जोखिमयुक्त देखिएको छ । सकेसम्म मुलुकमै सबै नागरिकलाई रोजगारी दिलाउनु आवश्यक छ । काम गर्न सक्ने उमेर र दक्षता भएका व्यक्तिहरू विदेश गएपछि मुलुकभित्र आवश्यक कामदार उपलब्ध नहुन सक्छ । नेपालले यो समस्या भोगिरहेको छ । नेपालीहरू विदेशमा काम गर्न जाने र भारत, बंगलादेशका कामदारहरू नेपालमा काम गर्न आउने गरेको देखिन्छ ।

नेपालको अर्थतन्त्र विप्रेषणमा निर्भर रहेको छ । अहिले मासिक १ खर्ब हाराहारीमा विप्रेषण भित्रिइरहेको छ । यही विप्रेषणले नेपालको गरीबी घटाएको छ, शिक्षाको पहुँच बढाएको छ र नागरिकलाई पौष्टिक खाना र स्वास्थ्य सेवा पनि उपलब्ध गराउन सहयोग गरेको छ । त्यसैले नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान बहुआयामिक छ । जेजस्तो अवस्था आए पनि वैदेशिक रोजगारी रोक्न वा न्यून गर्न सक्ने अवस्था छैन । वैदेशिक रोजगारी अनिवार्य छ भने यसलाई व्यवस्थित गर्नेतर्फ लाग्नुपर्छ । अदक्ष कामदारलाई सकेसम्म वैदेशिक रोजगारीमा जान नदिने, पठाउनै परे तालीम दिएर मात्रै पठाउने हो भने विप्रेषण अहिलेको भन्दा निकै ठूलो परिमाणमा भित्रन सक्छ । विप्रेषण आयको कुरा गर्दै गर्दा वैदेशिक रोजगारीका अँध्यारा पक्षलाई पनि बेवास्ता गर्न सकिँदैन । सरकारले आफ्ना नागरिकलाई श्रम सम्झौता नभएका मुलुकमा पठाएर निकै जोखीम लिइरहेको छ । आफ्ना नागरिकलाई अर्काका मुलुकमा काम गर्न पठाउँदा मुलुकले ध्यान दिनुपर्ने पहिलो र महत्त्वपूर्ण विषय भनेको कामदारको सुरक्षा हो । श्रम सम्झौता नभएका मुलुकमा काम गर्न जाने कामदारको सुरक्षा निकै गम्भीर हुन्छ । कामदारको सुरक्षाको प्रमुख आधार श्रम सम्झौता नहुँदा अधिकांश मुलुकमा गएका नेपाली कामदारले न्यूनतम तलब सुविधा, औषधोपचार खर्च, बीमा, कानूनी सेवालगायत आधारभूत अधिकारबाट समेत वञ्चित हुनुपरेको छ । द्विपक्षीय श्रम सम्झौता भएको मुलुकसँग कानूनी रूपमा अन्तरराष्ट्रिय सन्धि, सम्झौतासरह मानेर उजुरी दिन सकिन्छ । कामदारको गम्भीर मानवअधिकार हनन भएको अवस्थामा अन्तरराष्ट्रिय अदालतमा समेत मुद्दा हाल्न सकिन्छ । तर, नेपालले आफ्ना लाखौं नागरिकलाई विप्रेषणको लोभमा ज्यादै जोखिमयुक्त क्षेत्रका काम गर्न पठाएको छ भन्न सकिन्छ ।

जतिओटा श्रम गन्तव्य खुला गरिएको छ ती सबै देशसँग श्रम सम्झौता वा समझदारी गर्न सरकारले हरसम्भव प्रयास गर्नुपर्छ । यदि समस्या छ भने ती देशमा कुनै पनि तरीकाबाट नजान नागरिकलाई सूचित गर्नुपर्छ र कसैले कामदार पठाए तिनलाई कारबाही गर्नुपर्छ । नेपालले चाहेर मात्रै श्रम सम्झौता नहुने सरकारी अधिकारीको भनाइ छ । यसमा सरकारले पर्याप्त कूटनीतिक पहल गर्न नसकेको देखिन्छ । यसतर्फ नेपाल सरकरले तत्काल कदम चाल्न आवश्यक रहेको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# चाडपर्व केन्द्रित बजार अनुगमन



◆ कृष्णप्रसाद भण्डारी

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको हक सुनिश्चित गरिएको छ । यस धारामा "प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ भन्ने उल्लेख छ ।" यसै गरी संविधानको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को घ ७ मा "कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिने छ" भनिएको छ ।

संविधानको अनुसूची ७ (२) अनुसार अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनको कार्य सङ्घ र प्रदेशको साझा अधिकारभित्र पर्छन् । यसै गरी अनुसूची ८ (१०) मा स्थानीय बजार व्यवस्थापनसम्बन्धी कार्य स्थानीय तहको एकल अधिकारभित्र पर्दछ । बजारलाई स्वच्छ राखेर उपभोक्ताको हित संरक्षण गर्न उपभोक्ता हित संरक्षण ऐन, २०७५ र नियमावली, २०७६ कार्यान्वयनमा छन् । खाद्य ऐन, मासुजाँच ऐन, नापतौल तथा गुणस्तर ऐन, कालोबजारी तथा केही सामाजिक अपराध नियन्त्रण ऐनलगायत एक दर्जनभन्दा बढी कानुन क्रियाशील छन् । संयुक्त बजार अनुगमन निर्देशिकाको अधीनमा रहेर सरोकारवाला निकायहरूबाट संयुक्त रूपमा बजार अनुगमन हुने व्यवस्थासमेत गरिएको छ । यसै गरी सुशासन ऐन, २०६४ अनुसार नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिसमेत गठन गरिएको छ । राज्यको क्षमताका आधारमा साधन, स्रोत र जनशक्तिको पनि जोहो भएको छ । नेपाल सरकारले सतहत्तर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, सात सय त्रिपन्न पालिकाका प्रमुख प्रशासकीय अधिकृतलगायत विभाग र इलाका प्रमुखसमेत गर्दा करिब नौ सय पदाधिकारीलाई प्रभावकारी बजार अनुगमन गर्न निरीक्षण अधिकृतको जिम्मेवारी तोकेको छ । यति धेरै कानुनी र संरचनात्मक व्यवस्था हुँदाहुँदै पनि नेपाली बजार स्वच्छ छैन । वस्तु र सेवाका उपभोक्ताले ठगिनु परेको छ । आखिर किन भन्ने प्रश्नको उत्तर नै आजको चुनौती बनेको छ ।

चाडपर्व नागपञ्चमीदेखि सुरू हुन्छ । दसैँ, तिहार, नेपाल संवत्, छठ जस्ता राष्ट्रिय चाडपर्वमा बजारमा उपभोक्ताको चहलपहल बढी हुने गर्दछ । यस समयमा वस्तुको माग बढ्छ । जब माग बढ्छ, तब आपूर्तिमा पनि दबाब पर्छ । ठिक यसै समयमा बजारमा वस्तु र सेवाका उपभोक्ता मूल्य, तौल, गुणस्तर आदिमा ठगिने अवस्था हुन्छ । हाम्रो बजार, बजार जस्तो छैन । चाडपर्वको समयमा बजारमा म्याद गुज्रिएर खान अयोग्य भइसकेका वस्तु बिक्रीवितरण भइरहेका छन् । मिठाईलगायत दाल, तरकारी र मसलासम्म अखाद्य रङ प्रयोग गरेर विभिन्न वस्तु चर्को मूल्यमा बिक्री गरिन्छ । महँगो वस्तुमा सस्तो वस्तु मिसाएर महँगो मूल्य असुल गरिन्छ । होटलहरूमा रहरको दालमा मकैको पिठो मिसाउने गरेकोसम्म भेटिएको छ । नियामक निकायले प्रचलित ऐन, नियम र निर्देशिकाको अधीनमा रहेर काठमाडौँदेखि दूरदराजका बाजारमा यदाकदा अनुगमन गर्दा बजारमा म्याद गुज्रिएका वस्तु फेला पर्ने गरेका छन् । वस्तुको मूल्य, तौल र गुणस्तरमा मात्र होइन, उपभोक्ता यत्रतत्र ठगिएको अनुगमनले पुष्टि गरेको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौँ उपत्यकामा गरेको अनुगमनले नै काठमाडौँका भाटभटेनीलगायतका ठुला व्यावसायिक स्थलमा कुनै न कुनै कैफियत भेटिनुले पनि हाम्रो बजार स्वच्छ नभएको प्रमाणित हुन्छ ।

हालै काठमाडौँमा नेपाल सरकार का मुख्य सचिवको प्रमुख आतिथ्यतामा चाडपर्वकेन्द्रित बजार अनुगमन र नागरिकको दायित्व विषयक छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा सरोकारवालाहरूको सहभागिता रहेको थियो । उपभोक्ता जागरण अभियान नेपालका प्रतिनिधिले उपभोक्ताका पीडालाई उजागर गर्दै बजारका समस्याको चित्रण गरेका थिए । यस क्रममा यदि सरोकारवालाका बिचमा समन्वय र सामञ्जस्यता कायम हुनसक्यो भने हाम्रो बजार भोलिका दिनबाट नै स्वच्छ हुने सुझाव दिइएको थियो ।

स्वच्छ बजारका आधारस्तम्भ व्यावसायिक मूल्य र मान्यता, विवेकशील र जागरूक उपभोक्ता, सत्यतथ्यमा आधारित सूचना र पैरवी एवं विधिसम्मत वस्तुगत नियमन हुन् तर व्यवसायीले आफ्ना मूल्य र मान्यताको उल्लङ्घन गर्ने, उपभोक्ताले पनि जागरूक भएर आफूले खरिद गर्ने वस्तुको लेबल नहेर्ने, बिल नलिने गरिएको पाइन्छ । यस्तै विवेकशील भएर वस्तु खरिद गर्नुपर्नेमा बढी खरिद गरेर भण्डारण गर्ने गरिएको पाइन्छ । सूचना र पैरवीकर्ताले भ्रामक कुरा बोल्ने र लेख्ने अनि विधिसम्मत वस्तुगत नियमन गर्नुपर्ने दायित्व भएका नियामक निकायले पनि वार्षिक कार्ययोजना बनाएर सार्थक र प्रभावकारी ढङ्गले बजरलाई नियमन गर्नेभन्दा पनि हचुवा र मौसमी कामकारबाही गर्ने गर्दा बजार स्वच्छ हुन सकेको छैन । त्यसैले दिनप्रतिदिन नेपाली बजार अराजक हुँदै गएको छ ।

साउनबाट कार्ययोजना बनाएर तीन वटै तहका सरकारले नियमित बजार अनुगमन गर्ने, माग र आपूर्तिको प्रक्षेपण गर्ने, वस्तु तथा सेवाको अभिलेख राख्ने, सकारात्मक बजार हस्तक्षेपका लागि तयारी अवस्थामा रहने जस्ता गृहकार्य गर्नु पर्छ तर सरकार प्रत्येक वर्ष पूर्वतयारीमा चुकेको देखिन्छ । जब चाडपर्व सुरू हुन्छ अनि चाडपर्वकेन्द्रित बजार अनुगमनका कुरा गरिन्छ, जसले कुनै अर्थ नै राख्दैन । नीतिगत व्यवस्थाका कारणले पनि उपभोक्ता मूल्य वृद्धिको चपेटामा परेका छन् । नेपाल आयल निगमले परल मूल्यमा पेट्रोलमा २.५ प्रतिशत र डिजेलमा २ प्रतिशत मुनाफा राख्ने गरी कार्यविधि बनाएको छ । सरकारी स्वामित्वमा रहेर एकाधिकार पूर्ण व्यापारिक कारोबार गर्ने जिम्मेवारीमा रहेको निगमले लोककल्याणकारी राज्यको जिम्मेवारीतर्फ ध्यान दिएको देखिएन । डिजेलको मूल्यले बजारचक्रमा पार्ने असरतर्फ निगम सञ्चालक समिति गम्भीर भएको देखिँदैन । यसै गरी विद्युत् प्राधिकरणले प्रत्येक महिना विद्युत् मिटरको क्षमताको आधारमा सेवा शुल्क लिने र म्यादभित्र महसुल नबुझाउँदा २५ प्रतिशत जरिबाना लिने व्यवस्था उपभोक्तामैत्री छैन । बजारको अर्को समस्या न्यून बीजकीकरण पनि हो । भन्सार मूल्याङ्कन पुस्तिका न्यून बीजकीकरणको समस्या हो । यी र यस्ता नीतिगत व्यवस्थाले पनि हाम्रो बजार स्वच्छ र उपभोक्तामैत्री हुन सकेको छैन ।

सार्थक र प्रभावकारी बजार अनुगमन आजको खाँचो हो । निकायगत समन्वय र सामञ्जस्यताको अभाव, दक्ष जनशक्ति र स्रोतसाधनको कमी, कार्यबोझको आधारमा छुट्टै उपभोक्ता संरक्षण विभाग नहुनु, बजारलाई राजनीतिको संरक्षण प्राप्त हुनु, नियामक अधिकारीले उच्च मनोबल र दृढ इच्छाशक्तिका साथ काम गर्न नसक्नु, संविधान र ऐन नियम अनुसार बजार अनुगमनको जिम्मेवारीमा रहेका निकायहरू सक्रिय नहुनु जस्ता कारणहरू सार्थक र प्रभावकारी बजार अनुगमनका समस्या हुन् ।

उल्लिखित पृष्ठभूमिमा बजार अनुगमनलाई प्रभावकारी तुल्याउन पहिलो, उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार अनुचित व्यापारिक कारोबार गर्ने व्यवसायीलाई दुई लाखदेखि तीन लाख रूपियाँसम्म निरीक्षण अधिकृतले जरिबाना गर्न सक्ने प्रावधानलाई संशोधन गरी बिगोबमोजिम जरिबाना गर्ने । दोस्रो, तीनै तहका बजार अनुगमन समितिहरूले अनुगमन गर्ने व्यावसायिक क्षेत्र किटान गर्ने । तेस्रो, चाडपर्व सुरू हुनुभन्दा तीन महिनाअघि नै नियमित बजार अनुगमन र चाडपर्व विशेष अनुगमनको कार्ययोजना तयार गर्ने । चौथो, सरोकारवाला मन्त्रालयहरूका बिचमा समन्वय गरी ७५३ पालिकाले अनिवार्य रूपमा नियमित अनुगमन गरी केन्द्रीय बजार अनुगमन समितिमा पाक्षिक प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था गर्ने । पाँचौँ, स्थानीय तहका वडा समितिहरूलाई बजार अनुगमनका लागि स्रोतसाधन र जनशक्ति जुटाएर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको अधीनमा वडाभित्रका सम्पूर्ण व्यवसायलाई दर्ता गरी नियमन गर्ने, खाद्यान्न, माछामासु, तरकारी र फलफूलको अनुगमन गर्ने एवं हाटबजारको उचित प्रबन्ध गर्न निर्देशन दिने ।

हाम्रो आजको आवश्यकता विधिको शासन हो । विधिसम्मत गरिने वस्तुगत

*बाँकी पृष्ठ ३ मा*

विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०८० असोज २२ गते सोमबार, 09 Oct., 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


# स्तन क्यान्सरको कारण

पछिल्लो समय महिलामा स्तन क्यान्सरको समस्या बढ्दो छ । स्तन क्यान्सर ठ्याक्कै के कारणले हुन्छ भन्न सकिंदैन । यसमध्ये पाँचदेखि १० प्रतिशत कारण वंशाणुगत पनि हो ।

नेपाल हेल्थ रिसर्च काउन्सिलले नेपालका सात जिल्लामा स्तन क्यान्सर सम्बन्धी अध्ययन गरेको थियो, जसमध्ये पाँच जिल्लामा स्तन क्यान्सर हुने महिलाको संख्या निकै देखियो ।

विभिन्न अध्ययनले ५० देखि ६० वर्षका महिलामा अन्यको तुलनामा बढी स्तन क्यान्सर हुने गरेको देखाएको छ । नेपालमा भने ४० देखि ५० वर्ष उमेर समूहका महिलामा स्तन क्यान्सर धेरै देखिएको छ ।

### लक्षण:

स्तन क्यान्सरको मुख्य लक्षण स्तनमा गिर्खा आउनु हो । यस्तो गिर्खा नदुख्ने र बढ्ने खालको हुन्छ । स्तनको मुन्टा गाडिने, रंग परिवर्तन हुने, छाला बाक्लो हुने, मुन्टाबाट पिप वा रगत बग्ने, घाउ निको नहुने जस्ता समस्या देखिन्छन् ।

### पहिचान:

स्तन क्यान्सर हुँदा लक्षण निकै ढिलोगरी देखिन सक्छन् । त्यसैले स्तन क्यान्सरलाई समयमा नै पत्ता लगाउने हो भने लक्षणलाई कुरेर बस्नु हुँदैन । ४० वर्षमाथिका महिलाले वर्षमा एकचोटी मेमोग्राम गराउने गर्नुपर्छ । मेमोग्रामको सुविधा नभए अल्ट्रासाउण्ड गराएर हेर्नुपर्छ ।

२० वर्षमाथिका महिलाले हरेक वर्ष स्तन परीक्षण गराउनु उपयुक्त हुन्छ । यसरी जाँच गराउने गरे गिर्खा हुनुभन्दा अगाडि नै पत्ता लाग्छ र समयमै उपचार गराउन सकिन्छ ।

अन्तिम चरणमा रोग पत्ता लागेमा वा जटिल खालको क्यान्सर भएमा उपचार गर्दागर्दै बिरामीको मृत्यु पनि हुन सक्छ ।

### उपचार:

नेपालका सबै क्यान्सर अस्पतालमा स्तन क्यान्सरको प्राथमिक उपचार हुन्छ । तर गम्भीर प्रकृतिको उपचार भने केही अस्पतालमा मात्र हुन्छ ।

पहिला स्तन क्यान्सर भएमा स्तन काटेर शल्यक्रिया गर्ने गरिन्थ्यो भने अहिले नेपाल क्यान्सर अस्पताल लगायतका अस्पतालमा सकेसम्म स्तन जोगाएर उपचार गर्ने गरिन्छ । जसलाई मेडिकल भाषामा ब्रेस कन्जरर्भिड सर्जरी भनिन्छ । ४० देखि ५० प्रतिशत बिरामीको स्तन बचाएर नै शल्यक्रिया गर्ने गरिन्छ । त्यसबाहेक स्तन क्यान्सरको उपचार गर्दा गिर्खा पनि निकाल्नुपर्ने हुन्छ । सेन्टिनल लिटनल बायोप्सी सानो औषधि दिएर गिर्खा निकाल्ने गरिन्छ । शरीरको अन्य भागमा पनि फैलिएको छ कि छैन भनेर जाँच गरिन्छ ।

तर स्तनमा एकभन्दा बढी गिर्खा आएमा भने स्तन काटेर फ्याँक्नुपर्ने हुन्छ । त्यस्तै इन्फ्लेमेटरी स्तन क्यान्सर (एक दुर्लभ र जटिल क्यान्सर) भएमा, रोग जटिल भएर छाला खाइसकेको छ भने पनि स्तन काटेर निकाल्नुपर्ने हुन्छ । यसरी स्तन काटेर निकाले पनि अहिले शरीरको अन्य भागबाट तन्तु ल्याएर काटेको ठाउँमा राख्न सकिन्छ ।

### उपचारपछि बिरामी सामान्य जीवनमा फर्कन सक्छन्

क्यान्सर भनेको जीवनको अन्त्य होइन यो एउटा नयाँ जीवनको सुरूवात हो । क्यान्सर भएर निको भएर गएका धेरै महिला सामान्य जीवन बिताइरहेका छन् ।

स्तन क्यान्सरको उपचारपछि पाँचदेखि १० प्रतिशत बिरामीमा पुनः बल्झिने सम्भावना हुन्छ । त्यसैले उपचार गरियो भनेर ढुक्क भएर बस्नुहुँदैन । क्यान्सरको उपचार भइसकेपछि दुई वर्षसम्म तीन-तीन महिना र त्यसपछिको दुई वर्षपछि ६-६ महिनाको अन्तरालमा स्तन जाँच गराइराख्नुपर्छ । यसबाट रोग पुनः बल्झिने सम्भावना छ कि छैन भनेर हेर्न सकिन्छ ।

### उपचार खर्च कति लाग्छ ?

स्तन क्यान्सरको सामान्य जाँचको लागि धेरै खर्च लाग्दैन । यसमा सरकारले उपचार खर्च दिने गरेको छ । क्यान्सर टार्गेट (लक्षित) थेरापी गराउनु परेमा भने उपचार खर्च बढ्छ ।

यसबाट क्यान्सर कोषिका कसरी बढ्छ, विभाजित हुन्छ र फैलिन्छ भनेर नियन्त्रण गर्ने प्रोटिन चलाउनुपरेमा र निको भएको क्यान्सर पुनः फर्केर आएको अवस्थामा खर्च बढी लाग्छ ।

---

## चाडपर्व केन्द्रित..... . .

नियमन सुशासन हो । नागरिकले विवेकशील र जागरूक भएर बजारलाई स्वच्छ राख्न सहयोग गर्नु पर्दछ । कुनै वस्तुको आपूर्ति असहज भएको अवस्थामा हुनेखाने नागरिकले आवश्यकताभन्दा बढी वस्तु खरिद गर्नु हुन्न । नियामक निकायले इमानदार भएर समयमै कार्ययोजना तयार गरी बजार अनुगमनको प्रबन्ध मिलाउनु पर्छ ।

चाडपर्वको मुखमा बजार अनुगमनको योजना बनाएर सार्थक बजार अनुगमन हुन सक्दैन । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दस जोड दुई चाडपर्व केन्द्रित बजार अनुगमनलाई काठमाडौँ उपत्यकाभित्र प्राथमिकतामा राखिरहँदा ७५३ पालिकामा समेत बजार अनुगमन भए/नभएको जानकारी आफ्ना निरीक्षण अधिकृतमार्फत प्राप्त गर्न सक्नु पर्दछ ।

# बालबालिकालाई जंकफुड खुवाउँदा कुपोषणको जोखिम हुन्छ है !

अहिलेका बालबालिका घरमै बनाएको खानाभन्दा जंकफुड बढी खोज्छन् । तर यसले शरीरमा आवश्यक पोषक तत्व भने परिपूर्ति गर्न सक्दैन । बजारमा पाइने जंकफुड बढी प्रशोधित गरेर तयार पारिएको हुन्छ । यसमा शरीरलाई चाहिने पोषक तत्व जस्तै भिटामिन, मिनरल्स, प्रोटिन, आइरनजस्ता तत्वभन्दा पनि क्यालोरी, नुन, चिनी, तेल अर्थात ट्रान्स फ्याट, स्याच्युरेटेट फ्याट अत्यधिक मात्रामा प्रयोग गरिएको हुन्छ । त्यसैले यस्ता खानेकुरा धेरै खाए पनि पनि शरीरमा पोषण पुग्दैन ।

### बालबालिकाले जंकफुड किन मन पराउँछन् ?

जंकफुडमा मैदा, तेल, चिनी र नुनको मिश्रण हुन्छ । जिब्रोलाई लोभ्याउने गरी स्वादिष्ट तरिकाले खानेकुरा तयार पारिएको हुन्छ । त्यसैले बालिबालिका घरको पोषणयुक्त खानेकुरा भन्दा पनि जंकफुड खान एकदम रूचाउँछन् ।

जंकफुडमा पोषणको कमी हुने भएकाले यसको अत्यधिक सेवनले धेरै समस्या नित्याउँछ । पहिला ४० देखि ५० वर्षको उमेरमा देखिने समस्या जस्तै उच्च रक्तचाप, मधुमेह, कोलोस्टेरोल, मुटुरोग, पाचन प्रक्रियाको समस्या र मोटोपनको समस्या जंकफुडकै कारण कलिलै उमेरमा देखिन थालेका छन् ।

विश्व स्वास्थ्य संगठनको रिपोर्टअनुसार पाँच वर्षमुनिका दुई करोड २० लाख बालबालिका कुपोषणबाट ग्रस्त छन् । जुन खाना नपाएर वा खानाको अभावको कारण भएको देखिन्छ । तर खाना बढी खाएर ५३ प्रतिशत महिला र ४५ प्रतिशत पुरूष र आठ प्रतिशत बालबालिकामा मोटोपनको समस्या देखाएको छ । यसलाई डब्लुएचओले डबल बर्डन अफ मलन्युट्रिसियन भनेर भनेको छ । त्यो भनेको कुपोषणको प्रभाव पनि दुईतर्फी हुन्छ भन्ने हो । एउटा खाना नपुगेर र अर्को खाना बढी भएर कुपोषण हुन्छ ।

अहिले बालबालिका खासै हिंड्डुल नगर्ने, सुतेर मोबाइल हेर्ने, गेम खेल्ने गर्छन्, जसले गर्दा खाने धेरै तर चाहिने पोषण तत्व भने पाइएको हुँदैन । उहिले खानपानको बालबालिकामा घरबाहिर खेल्ने, कुद्ने हुन्छ यसले बच्चाको सेवन धेरै गर्ने तर त्यसअनुसार व्यायाम हुने गर्दैन वा हुँदैन । आजभोलिका बालबालिका उहिले घरबाहिर खेल्ने, कुद्ने गर्थ्यो भने अहिलेको बालबालिका मोबाइल हेर्ने, भिडियो गेम खेल्ने गर्छन् । उनीहरूको खासै हिंड्डुल वा शारीरिक व्यायाम एकदमै देखिंदैन ।

सामान्यतया पहिला कुपोषण भनेपछि दिमागमा हाड र छालाको मान्छेको भन्ने बुझिन्छ । अहिले यो सोचलाई परिवर्तन गर्नुपर्ने भएको छ । किनकि आजभोलि मोटो हुनेलाई पनि कुपोषण हुन्छ । मोटोघाटो मानिस पनि दुई किसिमको हुने गर्छ । यदि पोषणयुक्त खानेकुरा खाएर मोटाएको छ भने स्वस्थ मानिन्छ । अत्यधिक जंकफुडको सेवनले मोटाएको खण्डमा अस्वस्थ र कुपोषण भएको हुन सक्छ । किनकि पोषणयुक्त खानेकुरा खाने मानिसको शरीरमा भन्दा जंकफुड अत्यधिक सेवन गर्ने मानिसको शरीरमा बोसो अर्थात् फ्याट बढी हुन्छ । मोटो भए पनि शारिरीक रूपमा अस्वस्थ हुन्छ । जुन पोषणको कमीले अर्थात् कुपोषणको कारण हुन्छ ।


### कसरी थाहा पाउने ?

मोटो बालबालिकामा कुपोषण भएको वा नभएको यी दुई-तीनवटा लक्षणबाट थाहा पाउन सकिन्छ । जस्तै मोटोघाटो छ तर शरीरमा जोश जाँगर वा स्फूर्ति पटक्कै छैन, आलस्य र अल्छी गर्ने, खेल्न नखोज्ने, एकै ठाउँमा बसिराख्ने, हिंड्डुल, रमाइलो गर्न नरूचाउने, ध्यानकेन्द्रित गर्न नसक्ने, पढाइ र काम गर्न मन नलाग्ने, पाचन पत्रिया समस्या हुने, कपाल झर्ने, छाला सुख्खा हुनेलगायत देखिन्छ । त्यस्तै केटीहरूमा महिनावारी गडबडी हुने, पेट दुख्ने वा महिनावारी नै नहुने जस्ता समस्या हुने गर्छ ।

जंकफुड कति मात्रामा खाने र कति खाने भन्नेमा पहिला जंकफुड खानलाई आफूलाई लायक बनाउनुपर्छ भन्ने हो । किनभने यदि स्वास्थ्य राम्रो छ, नियमित शारिरीक व्यायाम, पर्याप्त पानी, राम्रो निद्रा लाग्छ र कुनै पनि रोगको समस्या छैन भने कहिलेकाहीं हप्तामा एकपटक वा महिनामा दुईपटकसम्म खान सकिन्छ ।

तर यदि व्यायाम नगर्ने, उच्च रक्तचाप, मुधमेह, मुटुरोग र मोटोपनको समस्या भने जंकफुडकै कारण समस्या बढेर अन्य रोगको समेत जोखिम हुन्छ । कुनै पनि जंकफुडको हरेक प्याकेटको पछाडि एउटा न्युट्रिसियन प्रोफाइल भन्ने हुन्छ । जसमा ५-२० को नीति हुन्छ । यसको अर्थ पाँच प्रतिशत भन्दा कम छ भने त्यसमा त्यसको मात्र कम छ । यदि २० प्रतिशतमाथि छ भने त्यसको मात्र अधिक छ भनेर बुझ्नुपर्छ । सामान्यतया जंकफुडमा न्युट्रिसियन प्रोफाइलमा धेरैजसो भिटामिन, मिनरल्स, पोटासियम, आइरनलगायतको शरीरलाई चाहिने पोषण तत्वको मात्रा पाँच प्रतिशतभन्दा कम हुन्छ ।

त्यस्तै जंकफुडमा फ्याट, चिनी र सोडियमको मात्रा अधिक हुन्छ । जस्तै, फ्याट ३९.८ प्रतिशत, सोडियम ४१.७ प्रतिशत । जसले शरीरलाई हानि गर्छ । त्यसैले जंकफुड धेरै खाएर पेट त भरिन्छ तर शरीरलाई चाहिने पोषण तत्व भने पूर्ति हुँदैन ।






# चार स्थानमा प्रहरी "हेल्प डेक्स" स्थापना

◆ विकास संवाददाता

बागमती प्रदेशको राजधानी जिल्ला रहेको मकवानपुरमा प्रहरीले चाडपवर्व लक्षित सुरक्षा योजना निर्माण गरेको छ ।

चाडपर्वमा हुने अपराध, दुर्घटना तथा ठगी नियन्त्रणको लागि मकवानपुरले जिल्लाको चार स्थानमा "हेल्प डेक्स" स्थापना गरेर प्रहरी निरिक्षकको कमाण्डमा १५ जनाको विशेष स्ट्राईकिङ टोली निर्माण गरेर काम अघि बढाएको मकवानपुरका प्रहरी प्रमुख एसपी सिताराम रिजालले बताए । प्रहरीले मकवानपुरभरी ६४ जनाको क्विक रेस्पोन्स टिम (क्युआरटी) समेत निर्माण गरेको छ ।

चाडपर्वको समयमा यात्रुहरूलाई सहजताको लागि हेटौँडाको पिपलबोट, बसपार्क, रातोमाटे र थानाभर्याङमा साहायता कक्षा निर्माण गरेर आजैबाट सेवा थालनी गरेको एसपी रिजालको भनाई छ । चाडपर्वको समयमा हुन सक्ने ठगी, जुवातास, झै–झगडा, लुटपाट, चोरी, डकैती, गुण्डागर्दीलाई नियन्त्रण तथा निरूत्साहित पार्न ईलाका प्रहरी कार्यालयहरू समेतबाट सादा पोशाकमा प्रहरी परिचालन गरी खवर संकलनको व्यवस्था मिलाउने प्रहरीको तयारी रहेको छ ।

# सृजना महिला सहकारीको साधार सभाः अध्यक्षमा पुनः श्रेष्ठ निर्वाचित

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको मार्खुमा रहेको सृजना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २४ औं वार्षिक साधारण सभा भएको छ । २० असोजमा मार्खुको सरस्वती बालबोधनी माविको प्राङ्गणमा साधारण सभा भएको हो । इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामाको प्रमुख आतिथ्यमा साधारण सभाको विशेष अतिथीमा वडा नम्बर १ का वडाध्यक्ष सुवास थापा र जिल्ला बचत संघकी कोषाध्यक्ष विष्णुमायाँ लामा रहेका थिए । साधारण सभाले अध्यक्ष बिमला श्रेष्ठले पेश गरेको प्रगती प्रतिवेदन, सानुमायाँ लाकाले पशे गरेको प्रगती तथा नीति, कार्यक्रमसहितको प्रतिवेदन, विष्णुमायाँ लामाले पेश गरेको आर्थिक तथा वार्षिक अनुमानित बजेट र आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित गरेको छ । लक्ष्मी रिमाले सञ्चालन गरेको सभाको औपचारिक कार्यक्रम संस्थाकी अध्यक्ष बिमला श्रेष्ठको सभाध्यक्षतामा भएको थियो ।




साधारण सभाको अवसरमा सहकारीकी ज्येष्ठ सदस्य कान्छि थिङ (क), ठूलीमायाँ घिसिङ, लक्ष्मी भोम्जन र बसलीमायाँ बललाई सम्मान गरिएको छ । उत्कृष्ट बचतकर्तातर्फ जुनेली पाख्रिन, शर्मिला थापा, यशोधा बस्नेत र पदमकुमारी थापालाई सम्मान गरिएको छ । त्यस्तै असल ऋणी पुरस्कार कान्छी गोले, रेणु स्याङ्बो, साइली भोम्जन र साइली घलानले पाएका छन् भने उत्कृष्ट बाल बचततर्फको पुरस्कार भने डेनियल श्रेष्ठ र अमिन भ्लोनले पाएका छन् । सहकारीको उत्कृष्ट किशोर किशोरी बचतकर्ता पुरस्कार भने यसवर्ष गरिसा स्याङ्तान र इशा तामाङले पाएका छन् ।

कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष सुवास थापा, पूर्व वडाध्यक्ष जमानसिंह वाइवा, प्रमुख अतिथी लामालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा मत्स्या विकास केन्द्र मार्खुका मोहन यादव, इन्द्रसरोवर मत्स्य व्यवसायी संघका अध्यक्ष सनक कुमार नगरकोटी, इन्द्रसरोवर कृषि सहकारीका अध्यक्ष विश्व लामा, स्थानीय समाजसेवी राजु बस्नेत, सहदेव कुमार रिमाल, रेडियो इन्द्रसरोवरका अध्यक्ष मणीराज थापालगायतकाको आतिथ्यता रहेको थियो ।

यसैबीच सृजना महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुनः बिमला श्रेष्ठ नै निर्वाचित भएकी छिन् । २४ औं साधारसभाबाट श्रेष्ठ अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएकी हुन् । सहकारी सञ्चालक समितिको उपाध्यक्षमा सानुमैयाँ लामा, सचिवमा आइतीमायाँ थिङ, कोषाध्यक्षमा लिलामायाँ लामा सर्वसम्मत निर्वाचित भएका हुन् । त्यस्तै सदस्यहरूमा चिनीकुमारी थापामगर, लिलीमायाँ भ्लोन, सरिता बस्नेत तथा तामाङ र कल्पना विष्ट निर्िाचित भएको निर्वाचन समिति संयोजक सहदेव कुमार रिमालले जानकारी दिए । सहकारीको लेखा तथा सुपरिवेक्षण समितिको संयोजकमा सुभद्रा लामा र सदस्यहरूमा सावित्री गौतम तथा विष्णुमायाँ तामाङ निर्वाचित भएका छन् । सहदेव कुमार रिमालको संयोजकत्वमा गठित निर्वाचन समितिमा जमानसिंह वाइवा र राजु बस्नेत सदस्य रहेका थिए ।

कुल १ हजार १०४ शेयर सदस्य रहेको सहकारीको शेयर पुँजी ९९ लाख ४६ हजार २ सय रहेको छ भने कुल बचत ७ करोड ४८ लाख २६ हजार ६११, पुगेको साधारण साभा जानकारी गराइएको थियो । सहकारीले आर्थिक वर्ष २०७९/०८० सम्म कुल ७ करोड ८४ लाख १३ हजार ९९२ रूपियाँ ऋण लगानी गरेको छ । १० करोड ४९ लाख २२ हजार ३५० कारोबार गरेको सृजना महिला बचतले ३७ लाख ७५ हजार १०९ रूपियाँ नाफा गरेको साधारण सभामा आफ्ना सदस्यहरूलाई जानकारी गराएको छ ।

# विद्युत प्राधिकरण पालुङमा नयाँ हाकिम हाजिर



◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रको प्रमुखमा माधव न्यौपाने आएका छन् । प्रमुख न्यौपाने २१ असोजमा पालुङ वितरण केन्द्रमा हाजिर भएका छन् । पालुङ वितरण केन्द्रका बीरमान रास्कोटी सरूवा भएसंगै अर्का वितरण प्रमुख माधव न्यौपाने हाजिर भएका हुन् ।

पालुङमा नेपाल विद्युत प्राधिकरण धादिङ वितरण केन्दबाट माधव न्यौपाने पालुङ आएका हुन् । न्यौपाने यसअघि गोरखा, तनहुँ तथा मेलम्चीमा समेत प्रमुख भई कार्य गरिसकेका छन् । रास्कोटी नेपाल विद्युत प्राधिकरण रत्नपार्क वितरण केन्द्रमा सरूवा भएका छन् । उनी दुईवर्ष अघि असोज महिनामा रत्नपार्क वितरण केन्द्रबाटै पालुङ आएका थिए । नेपाल विद्युत प्राधिकरणले ३१ भाद्रमा निर्णय गरी १ सय ४ जनाको सरूवा गरेको थियो ।

# स्कूल बससेवा उद्घाटन, शिक्षक विद्यार्थी सम्मानित

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको मार्खुमा रहेको सरस्वती बालबोधनी माविमा विद्यालय बस सेवा शुभारम्भ कार्यक्रम भएको छ । सो अवसर मा २०७९ सालको एसइईमा उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान कार्यक्रम समेत भएको छ ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको सहयोगमा विद्यालयलाई प्राप्त बस सेवाको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले १९ असोजमा उद्घाटन गरिन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सानु लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा २०७९ सालको एसइईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई समेत पुरस्कृत गरिएको थियो । कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा पालिका उपाध्यक्ष उमा कुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, शिक्षा शाखा प्रमुख दिनानाथ गौतमलगायतकाको आतिथ्यता रहेको थियो ।

सो अवसरमा विद्यालयका उत्कृष्ट शिक्षकहरूलाई समेत सम्मान गरिएको थियो ।

# दिव्यतारा थाहाको कारोबार साँढे ६ करोड नाघ्यो

◆ विकास संवाददाता

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड थाहा नगरपालिका सेवा केन्द्रको पाँचौं साधारणसभा सम्पन्न भएको छ । संस्थाको थाहानगर सेवा केन्द्रको संयोजक भरत गोपालीको अध्यक्षतामा सम्पन्न साधारणसभामा संस्थाका केन्द्रिय अध्यक्ष डाक्टर गणेश लामाको प्रमुख आतिथ्यता तथा वडा नम्बर ४ का अध्यक्ष नारायण लामाको विशेष आतिथ्यता रहेको थियो ।

साधारणसभामा संचालक समितिका प्रतिनिधित्व गर्दै मुख्य कार्यालय हेटौंडाबाट लक्ष्मण सुवेदी, मिठाराम दाहाल, ज्योति रायमाझीलगायत थाहानगर सेवा केन्द्रका प्रतिनिधिहरूको उपस्थिति रहेको साधारणसभा भएको हो । पालुङ सेवा केन्द्रक इकाई संयोजक भरत गोपालीले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै थाहा सेवा केन्द्रको कुल कारोबार ६ करोड ६७ लाख सहितको आयव्यय प्रस्तुत गरेका थिए । ८ सय ५६ सदस्य रहेको सेवा केन्द्रको शेयर र कम ३३ लाख ९१ हजार, बचत ८५ लाख रूपैयाँ र कर्जा लगानी ५ करोड ३९ लाख रहेको प्रतिवेदन प्रस्तुत गर्दै संस्था प्रती शुभेच्छा राख्नेहरूलाई धन्यवाद व्यक्त गरे ।



साधारण सभामा व्यवस्थापक राममाया खत्रीले स्वागत गरिन् । साधारणसभामा अतिथिहरूले संस्थाको बित्तीय प्रगतिको मुल्यांकन उच्च रहेकोले आगामी दिनमा संस्थाको प्रगतिको कामना गर्दै साधारणसभाको सफलताको शुभकामना दिएका थिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहा नगरपालिकाबाटै श्रम स्वीकृति

◆ विकास संवाददाता

वैदेशिक रोजगारीमा जाने नगरबासीहरूलाई थाहा नगरपालिकाले पालिकाबाटै श्रम स्वीकृतिको सहजीकरण गरिरहेको छ । नगरपालिकाबाट गत बैशाखबाटै श्रम स्वीकृतिका लागि सहजीकरण गरिरहेको र अहिलेसम्म दर्जनौं युवाहरूले श्रम स्वीकृति प्राप्त गरिसकेको थाहा नगरपालिकाको रोजगार सेवा केन्द्रले जनाएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत् रहेको बैदेशिक रोजगार बोर्डको सचिवालयले पालिकामा रहेका रोजगार संयोजकहरूलाई श्रम स्वीकृतिबारे अभिमुखीकरण गरेपछि पालिकामै श्रम स्वीकृतिको काम हुन थालेको हो । वैदेशिक रोजगारमा जाने युवाले यसअघि काठमाडौं गएर श्रम स्वीकृति लिनुपर्ने बाध्यता अब हटेको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताए । 'काठमाण्डौं गएर श्रम स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झण्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो, तर अब स्थानीय सरकारबाटै सेवा सुरू भएपछि सहज भएको छ,' उनले भने ।

पालिकाको सहजीकरणमा श्रम स्वीकृतिको लागि आनलाइनबाट आवेदन दिएपछि काठमाडौंसहित प्रदेश स्तरका श्रम तथा रोजगार कार्यालयबाट श्रम स्वीकृति हुने व्यवस्था छ । पालिकाको रोजगार सेवा केन्द्र, बैदेशिक रोजगार बोर्डको सचिवालय, बैदेशिक रोजगार विभाग र रोजगार कार्यालयहरूको समन्वयमा अनलाइन प्रणालीबाटै श्रम स्वीकृति प्राप्त हुन्छ ।



श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ । सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले सोसम्बन्धी स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने थाहा नगरपालिकाका रोजगार संयोजक कुमार नेगीले बताए । पालिकाबाट नयाँ श्रम स्वीकृतिको भन्दा पुनः श्रम स्वीकृतिका लागि बढी सहजीकरण हुन्छ । अहिलेसम्म पुनः श्रम स्वीकृतिका लागि धेरै युवाहरू सम्पर्कमा आएको नेगीले बताए । नयाँ श्रम स्वीकृतिका लागि बायोमेट्रिक, मेडिकल सर्टिफिकेट र अभिमुखीकरण अनिवार्य भएको र सोको लागि काठमाडौं नै जानुपर्ने भएकोले नयाँ श्रम स्वीकृतिका लागि भने युवाहरू सहर नै जाने गरेका छन् ।

नेगीका अनुसार पुनः श्रम स्वीकृतिका लागि भने पुनः बायोमेट्रिक, मेडिकल सर्टिफिकेट र अभिमुखीकरण आवश्यक पर्दैन ।

# कर्मचारीसंग वार्ता गर्न प्रमुख प्रशासकीय अधिकृतहरुको दबाब

◆ विकास संवाददाता

मन्त्रीपरिषदबाट पारित गरीएको संघीय निजामति सेवा विधेयकका प्रावधानप्रति असन्तुष्टि जनाउँदै स्थानीय तहका कर्मचारीले जारी राखेको आन्दोलनका कारण देशभरका स्थानीय तहका कामकाज ठप्प भएका छन् । कर्मचारीहरूले काठमाडौंमा विरोध जुलसु र धर्ना जारी राखेका छन भने सबै स्थानीय तहमा पेन डाउन गरेका छन् । आन्दोलनमा पुग्नेहरू काठमाण्डौमा छन् भने नपुग्नेहरू आफ्नै कार्यालयमा पेनडाउन गरी धर्नामा छन् ।

स्थानीय तहका कर्मचारी आन्दोलनका कारण काम प्रभावित हुँदै गएपछि देशभरका अधिकांश स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलाई पत्र लेख्दै वार्ता गरेर समस्याको समाधान गर्न र आन्दोलित कर्मचारीलाई काममा फर्कने बातावरण बनाइदिन आग्रह गरेका छन् । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले पनि मन्त्रालयलाई पत्र लेखेको छ ।

प्रशासकीय अधिकृतहरूले कर्मचारीको पेन डाउनका कारण पालिकाका सेवाग्राहीलाइ मर्का परेको भन्दै आन्दोलनरत कर्मचारीका माग सम्वोधन गरी काममा फर्कने वातावरण बनाउन भनेका हुन् । त्यसोतः आन्दोलनरत कर्मचारी संघर्ष समितिका संयोजक दिपक गौतमका अनुसार २२ र २३ असोजमा निर्णायक आन्दोलन गर्ने भन्दै देशभरका स्थानीय तहका कर्मचारीलाई काठमाडौं बोलाइएको बताएका छन् ।

# फुर्केमा भलिबल प्रतियोगिता हुने

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा न ५ फुर्केमा बिजया दशमीको अवसर पारेर थाहा नगरपालिका स्तरीय भलिबल प्रतियोगिता हुने भएको छ। थाहा नगरपालिकाको आयोजना तथा थाहा ५ खेलकुद बिकास समिती फुर्के बसन्तको व्यवस्थापनमा सौगात स्मृति भलिबल प्रतियोगी हुने भएको हो ।

कार्तिक १ गते बाट फुर्के खेलमैदानमा सुरू हुने प्रतियोगिताको लागि असोज ३० गते सम्म टिम दर्ता गरिसक्नु पर्ने आयोजकले जनाएको छ । थाहा ५ खेलकुद बिकास समितिको अनुसार प्रथम हुने टिमले नगद ५१ हजार सहित टूफी,मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन भने दोस्रो हुने टिमले ३० हजार नगद सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन भने तेस्रो हुनेले नगद १५ हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन् ।

प्रतियोगितामा भाग लिनको लागि सम्बन्धित वडाकै खेलाडी हुनुपर्ने तथा खेलाडीको फोटो र परिचयपत्र पनि अनिवार्य गरिएको आयोजकले जानकारी दिएको छ ।

# विश्व पशुपंछी दिवसको अवसरमा पशुपंक्षीलाई पौष्टिक आहार

◆ विकास संवाददाता

थाहा नगरपालिकाको पशु शाखाको आयोजनामा विश्व पशुपंछी दिवस मनाईएको छ । थाहा नगरपालिका भित्र रहेका विभिन्न पशु फाममा रहेका पशु चौपायालाई पौष्टिक आहार व्यवस्थापन गरी विश्व पशुपंछी दिवस मनाईएको हो । यसवर्ष "साना ठुला जनावर,माया गरौं बराबर" भन्ने मुल नाराका साथ दिवस मनाइएको हो । पशु मानवविचको अन्योआश्रित सम्बन्ध छ। तर पनि पशु अधिकारमा मान्छे चुकिरहेकाले पशुप्रति देखाउने हाम्रो व्यवहारमा परिवर्तन ल्याउनुपर्ने थाहा नगरपालिकाका कृषि तथा पशु शाखाका प्रमुख संजय तिवारीले बताए ।

विश्व भरिनै १९७१ देखि नै पशुपंछी दिवस मनाउन थालिएको हो । नेपाल पनि सदस्य राष्ट्र भएका कारण यो दिवस नेपालमा पनि मनाईने गरेको प्रमुख तिवारीले जनाए । स्थानीय सरकारले पशुपंछी कुषि क्षेत्रमा लगानी गरेपनि प्रतिफल सकारात्मक नआउनु दुःखद रहेको उनले बताए ।




थाहा नगरपालिकाका पशु प्राविधिक रूपेश कुमार मिश्रले पशुपंछीप्रपत निर्दयी व्यवहार नगर्न तथा पशु कल्याणकारी कार्यमा सवैको ध्यानाकर्षण होस भन्ने भावना जागृत गरी पशु अधिकारको सुनिश्चितताका लागि पशुपंछी दिवस मनाईएको बताए ।

सबैको सहयोग सहकार्य सकारात्मक सोचवाट मान्छेमा व्यापक जनचेतना जागृत गरी पशुपंछिको संरक्षण सबैले जुट्नु पर्ने वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको भनाइ छ । दिवसको अवसरमा मन्जिल कृषि तथा पशुपंछी फार्म, डाडाँघरे बा को कृषि तथा पशुपंछी फार्म, लामिछाने गाई तथा कृषि फार्म र पिपि कृषि तथा पशुपंछी फार्मलाई निशुल्क पौष्टिक आहार उपलब्ध गराएको हो ।

# नागदह प्राविका ८६ बालबालिकालाई ब्याग र स्टेशनरी सहयोग

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १२ को नागदह प्राथमिक विद्यालयका ८६ जना विद्यार्थीले ब्याग तथा स्टेशनरी सहयोग पाएका छन् ।

विद्यालयमा अध्ययनरत छात्र छात्राहरूलाई गोअहेड मिसन नेपाल नामक संस्थाले ४४ जना विद्यार्थी र ४१ जनालाई स्थानीय युवाहरूको सक्रियतामा विद्यालय जान प्रयोग हुने ब्याग सहयोग पाएका हुन् । ब्यागको साथै विद्यार्थीहरूलाई कपी, पेन्सिल, रंगहरूलगायतका शैक्षिक सामाग्रीहरू सहयोग गरिएको थियो । थाहा नगरपालिका वडा नम्बर १२ का कार्यबहाक वडाध्यक्ष युवराज जिम्बाको विशेष उपस्थितीमा कार्यक्रम भएको थियो ।



ब्यागसहित शैक्षिक सामाग्री सहयोग पाएपछि विद्याथीृहरूले खुशी व्यक्त गरेका थिए । विद्यालयमा अध्ययनरत बालबालिकालाई सहयोग गर्ने सबैलाई शिक्षकहरूले धन्यवाद दिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफु मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# चुरियामाईको खानेपानी उपभोक्ता समिति बोर्डमा गाभियो

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका-१५ शिखरपानी चुरिमाईमामा अवस्थित शिखरपानी खानेपानी तथा सर सफाई उपभोक्ता समिति हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको छ । यस क्षेत्रमा संचालित ४५० धाराले १० हजार लिटर खानेपानी उपभोग गरे बापत न्युन्तम शुल्क २५० रूपैयाँ भुक्तानी गर्दै आइरहेकोमा अबदेखि १० हजार लिटरसम्म पानी निःशुल्क खानेपानी उपभोग गर्न पाउने भएका छन् ।

कार्यक्रममा वडा नंम्बर १५ का वडाअध्यक्ष सुनील मोक्तानले साविक चुरियामाई गाविसको विगतको खानेपानीको लागि गरिएका प्रयास तथा संघर्षहरूका बारेमा प्रकाश पारे । हेटौंडा उपमहानगर पालिकाका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । खानेपानीको ट्यांकी निर्माण गर्न जग्गा उपलबध गराउने जग्गा दातालाई सम्मान गर्नुका साथै समितिमा विगत लामो समयदेखि कार्य गर्दै आएका कर्मचारी सेते वाइवालाई उमेर हदका कारण अवकास दिइ विदाई तथा सम्मान समेत गरिएको थियो ।

निर्वाचित जनप्रतिनिधिले आफनो घोषणापत्रमा बाचागरे अनुसार हेटौंडा-१५ का बासिन्दालाई १० हजार लिटर खानेपानी निशुल्क उपलब्ध गराउन सफल भएकोमा नगरप्रमुख लामाले खुशी व्यक्त गरिन् । हेटौंडा उपमहानगर पालिकाका नगरउपप्रमुख राजेश बाँनियाले नगरबासीलाई न्यून्तम विद्युत महशुल छुट दिनको लागि आवश्यक अध्धयन कार्य भईरहेको जानकारी गराए ।

शिखरपानी खानेपानी तथा सर सफाई उपभोक्ता समितिका अध्यक्ष पातली गोङ्वाको सभाअध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टको विशेष आतिथ्यता एवम् खानेपानी व्यवस्थापन बोर्डका कार्यालयप्रमुख विष्णुप्रसाद सापकोटा, पूर्व गाविस अध्यक्ष प्रेमबहादुर भोम्जन, समाजसेवी भानुप्रताप विडारी, पूर्व खानेपानी उपभोक्ता समितिका अध्यक्ष पञ्चबहादुर थिङको आतिथ्यतामा रहेको थियो ।

# यातायात खर्च नबाँड्न सहकारीलाई अनुरोध

◆ विकास संवाददाता



हेटौंडा उपमहानगरपालिकाले सहकारी संघरसंस्थालाई वार्षिक साधारण सभामा सदस्यलाई यातायात खर्चको नाममा रकम नबाँड्न भनेको छ । उपमहानगर प्रमुख मीनाकुमारी लामाद्वारा जारी सूचनामा सहकारीले साधारणसभामा लामो लाइन लगाएर यातायात खर्च बाँड्ने गरेको भन्दै यस्तो कार्य नगर्न निर्देशन दिइएको छ ।

संघसंस्थाहरूको साधारण सभाको उपस्थिति स्वयमसेवकमार्फत ब्यवस्थित गर्न, सहकारीका सदस्यले सभामा उपस्थित सदस्यले कुर्सीमा बसेर अतिथिको धारणा सुन्न र आफ्ना धारणा राख्ने बातावरण बनाउन समेत भनिएको छ । सभामा सदस्यहरू यातायात खर्च बुझ्नेमा मात्र झुम्मिने, संस्थाको अवस्थाका बारेमा बुझ्न र अतिथिको धारणा पनि सुन्न र संस्थाको प्रतिवेदनमाथि आफ्ना धारणा पनि नराख्ने प्रवृत्ति रहेको भन्दै पालिकाले सदस्यको वास्तविक सहभागिता सभामा गराउन सूचनामार्फत आव्हान गरेको छ ।


**सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हेटौंडा उपमहानगरपालिकाको अत्यन्त जरुरी सूचना ।**

**नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।**

मुलुकी अपराध संहिता २०७४

| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |
|---|---|

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**कृषकहरुका लागि जनहितमा जारी सन्देश**




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरूको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**



● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी